७. अन्य शर्तहरु :-

(क) त्यस प्रा. लि. ले तपाईले विद्युत विकास विभाग समक्ष पेश गरेको Desk Study Report तथा दरखास्त साथ पेश गरेको अन्य विवरणहरुको अधिनमा रही प्रस्तुत आयोजनाको संभाव्यता तथा वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

(ख) नेपाल सरकारबाट जलविद्युत आयोजनाहरुको अध्ययन कार्य गर्दा अपनाउनु पर्ने प्रकृया बारे तयार गरिएको "Guidelines for Study of Hydropower Projects, December 2003" बमोजिम आयोजनाको अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ग) प्रस्तावित आयोजनाको Intake भन्दा Upstream वा Downstream मा सिंचाईको कूलो, नहर, पानी घट्ट तथा जल संचालित अन्य आयोजना भए मा कुनै असर नपर्ने गरी तथा नेपाल विद्युत प्राधिकरणले प्रस्ताव गरेको (अध्ययन सम्पन्न गरी सकेको) राहुघाट जलविद्युत आयोजनाको विकास निर्माणमा कुनै नकारात्मक असर नपर्ने गरी यस आयोजनाको संभाव्यता अध्ययन कार्य गर्नु पर्नेछ ।

(घ) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम सर्वेक्षणको कार्य ३ महिना भित्र पूरा गरी सुचारु रुपले संचालन गर्नु पर्नेछ र कार्य प्रगति विवरण प्रत्येक ६/६ महिनामा विद्युत विकास विभागलाई दिनु पर्नेछ । साथै अध्ययन कार्यको निरन्तर अनुगमन गर्नका लागि आवश्यक विवरणहरु प्रत्येक ३।३ महिनामा विद्युत विकास विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(ङ) त्यस प्रा. लि. ले विद्युत विकास विभाग समक्ष पेश गरेको आयोजना सम्बन्धी कार्य तालिका (Work Schedule) अनुसार अनुमतिपत्रको प्रकरण ६ मा उल्लेखित अवधि भित्र सम्पन्न गर्नु पर्ने आवश्यक अध्ययन कार्यहरु पूरा गरी विद्युत विकास विभागमा उल्लेखनीय प्रगति सहितको गुणात्मक प्रतिवेदन तथा कार्य प्रगति विवरणहरु सन्तोषजनक रुपमा पेश गरी बांकी रहेको अध्ययन कार्यहरु सम्पन्न गर्न विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम नविकरणका लागि दरखास्त पेश गरेको अवस्थामा मात्र यस अनुमतिपत्रको नविकरण गर्न सकिने छ । अन्यथा अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(च) सर्वेक्षण कार्य गरिने स्थलको मोटा मोटी नक्सा संलग्न अनुसूची १ बमोजिम हुनेछ ।

(छ) वातावरण सम्बन्धी अध्ययन वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ र अन्य वातावरण सम्बन्धी प्रचलित कानूनी प्रावधानहरु अनुसार गर्नु पर्नेछ ।

(ज) यस अनुमतिपत्रद्वारा सर्वेक्षण गर्न अनुमतिपत्र दिईएको आयोजनाको निर्माण गर्न चाहेमा प्रकरण (५) मा उल्लेख भएका सम्पूर्ण अध्ययन कार्यहरु सम्पन्न गरी विद्युत नियमावली, २०५० को नियम १९ बमोजिम यस सर्वेक्षण अनुमतिपत्रको म्यादभित्र नियम १२ बमोजिमका विवरणहरु खुलाई विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(झ) यस अनुमतिपत्र बमोजिमको अध्ययन गर्न लाग्ने सम्पूर्ण रकम तपाईले व्यहोर्नु पर्नेछ । त्यस्तो खर्च प्रति नेपाल सरकारको कुनै दायित्व हुने छैन ।

(ञ) नेपाल सरकारको अनुमति विना यो अनुमतिपत्र कुनै पनि किसिमले कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

(ट) अनुमतिपत्रको स्वामित्वको संरचनामा कुनै हेरफेर वा परिवर्तन भएमा सो को जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ ।

(ठ) यस अनुमतिपत्रमा कुनै संशोधन गर्नु परेमा जलस्रोत मन्त्रालय र त्यस प्रा. लि. को आपसी सहमतिमा गर्न सकिने छ ।

अनुमतिपत्र दिने अधिकारीको

सही :

मिति : २०६५।३।१९

नाम : शंकर प्रसाद कोइराला

पद : सचिव

जलस्रोत

Scanned with CamScanner

नेपाल सरकार

जलस्रोत मन्त्रालय

विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र

अनुमतिपत्र संख्या : वि. वि. वि. /०६४/६५ वि. उ. स. ३६३
श्री मर्स्याङ्दी पावर कम्पनी प्रा. लि.

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति २०६५।२।२७ दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :-

श्री मर्स्याङ्दी पावर कम्पनी प्रा. लि.
गोगबु, वडा नं. ५, काठमाण्डौं ।
पो.ब.नं.: १२५६६, काठमाण्डौं, नेपाल ।
फोन नं. : ९८०३२९८९१३

२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम :- जलविद्युत ।

३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलस्रोतको नाम: मर्स्याङ्दी नदि ।
(गण्डकी अञ्चल, मनाङ जिल्लाको ताचेवगरछाप र चामे गा.वि.स. हरुमा अवस्थित मर्स्याङ्दी नदिमा पहिचान भएको १०० मे.वा. क्षमताको मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना) ।

४. सर्वेक्षण गर्ने क्षेत्र :-

(क)	अञ्चल	:	गण्डकी ।
(ख)	जिल्ला	:	मनाङ ।
(ग)	गा.वि.स./ नगरपालिका	:	ताचेवगरछाप र चामे गा.वि.स. हरु ।
(घ)	पूर्व	:	८४° २०' ००" ।
	पश्चिम	:	८४° १७' ०९" ।
	उत्तर	:	२८° ३३' ३७" ।
	दक्षिण	:	२८° ३१' २७" ।

(माथि उल्लेखित क्षेत्र भित्र मर्स्याङ्दी नदीको पानी उपयोग गर्ने छ ।)

५. सर्वेक्षणको प्रकृति :-
संभाव्यता तथा वातावरणीय अध्ययन ।

६. अनुमतिपत्र बहाल रहने अवधि :
मिति : २०६५।०३।१९ देखि २०६६।०३।१८ सम्म ।

क्रमशः

Scanned with CamScanner

(स) आयोजनावाट प्रभावित जिल्लाका समुदाय र व्यक्तिहरूले आयोजनामा शेयर लगानी गर्न चाहेमा आयोजनाको स्वपुंजीको वढीमा १० (दश) प्रतिशत सम्म शेयर परल मूल्य (Face Value) मा दिने व्यवस्था गर्नु पर्नेछ । कम्पनीले साधारण शेयर र हकप्रद शेयर निश्कासन गर्ने क्रममा विद्युत विकास विभागवाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ह) यस अनुमतिपत्रको प्रकरण ५ (पाञ्च) मा उल्लेख भएका प्रत्येक संरचनाहरूको निर्माण कार्य सम्पन्न हुनु अगावै अनिवार्य रूपमा विद्युत विकास विभागलाई पूर्व जानकारी गराउनु पर्नेछ । विभागले सो कार्यको स्थलगत अनुगमन र निरीक्षणको लागि आफ्नो प्राविधिक कर्मचारीहरू खटाउनसक्नेछ ।

(क्ष) दैवीप्रकोप लगायत Force Majeure का अवस्थाहरूमा वाहेक आयोजना Shutdown गर्नुपर्ने अवस्थामा Downstream मा रहेका आयोजनाहरूमा असर पर्ने भएमा सोको क्षतिपूर्ति यस विभागको रोहवरमा प्रवर्धकले उक्त आयोजनाहरूलाई उपलव्ध गराउनु पर्नेछ ।

(त्र) यस अनुमतिपत्रको प्रकरण २ मा उल्लेखित जडित क्षमता वमोजिमको क्षमता उल्लेखित उद्योग दर्ता तथा बैदेशिक लगानीको स्वीकृति एक वर्ष भित्र विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ । उक्त अवधिमा प्रमाण पत्र पेश नभएमा अनुमतिपत्र रद्द गरिने छ ।

(ज्ञ) नेपाल सरकारवाट स्वीकृत गरिएको "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्वन्धि अवधारणा पत्र एवं कार्य योजना, २०७२" को दफा ६.१ (थ) वमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको Community Support Program मा नघट्ने गरी कम्तिमा आयोजनाको कूल लागतको ०.७५% रकम प्रवर्धकले Community Support Program मा राख्नु पर्नेछ ।

(क१) आयोजना निर्माण पश्चात गरिने मरम्मत सम्भारको कार्य विद्युत विकास विभागद्वारा तयार गरिएको "Operation & Maintenance Guidelines for Hydropower Plants, Sub-stations and Transmission Lines" समेतलाई अङ्गीकार गरी गर्नुपर्नेछ ।

(क२) नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागको स्वीकृति विना यो अनुमतिपत्र कुनै प्रकारले विक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

अनुमतिपत्र दिने अधिकारीको

सही :

नाम : अनुप कुमार उपाध्याय

पद : सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

मिति :२०७५/०८/०१

Scanned with CamScanner

(द) आयोजनाको क्षमता र क्षेत्र संशोधन (निर्माणको चरणमा) गरिने भएमा वा सुदृढीकरण गरिनुपर्ने भएमा विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५०एवं प्रचलित अनुमतिपत्र सम्वन्धि निर्देशिका वमोजिम स्वीकृतिको लागि दरखास्त दिनुपर्नेछ र आयोजना सञ्चालनमा नआउने भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनुपर्नेछ ।

(ध) त्यस संस्थाको स्वामित्वको संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नुपरेमा सोको पूर्व स्वीकृति विद्युत विकास विभागवाट लिनुपर्नेछ ।

(न) आयोजनामा सिभिल एवंम् इलेक्ट्रो-मेकानिकल सबै संरचना यस अनुमतिपत्रको प्रकरण २ मा उल्लेख वमोजिम जडित क्षमता हुनेगरी निर्माण एवंम् जडान गर्नुपर्नेछ ।

(प) आयोजनाको प्रकरण २ मा उल्लेख वमोजिम जडित क्षमता अनुसार जडित क्षमता वापत रोयल्टी बुझाउनुपर्नेछ ।

(फ) यस आयोजनाको माथिल्लो एवं तल्लो तटमा (Upstream/Downstream) प्रस्तावित, निर्माणाधीन वा सञ्चालनमा रहेको जलविद्युत आयोजनाहरूलाई भौतिक रूपले असर नपर्ने एवं ती आयोजनाहरूसंग समन्वय गर्ने गरी निर्माण कार्य गर्नुपर्नेछ ।

(ब) आयोजनाको Testing and Commissioning गर्दा विद्युत विकास विभागको प्रतिनिधि समेतको रोहवरमा गराउनु पर्नेछ ।

(भ) आयोजनाको व्यापारिक उत्पादन भएको ३ महिनाभित्र आयोजनाको प्राविधिक तथा आर्थिक पक्ष समेटिएको १/१ प्रति Hard Copy र १ प्रति Soft Copy (CD) मा कार्य सम्पन्न प्रतिवेदन (Project Completion Report), आयोजना निर्माण चरणहरूको तस्विर तथा भिडियोहरू तथा निर्माण भए वमोजिमका नक्शाहरू (As-built Drawings) विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(म) यस अनुमतिपत्रमा उल्लेखित शर्तहरूमा थपघट वा कुनै संशोधन गर्नुपरेमा प्रचलित कानुनको अधीनमा रही आवश्यकता एवं औचित्यताका आधारमा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(य) विद्युत उत्पादन अनुमतिपत्रको अवधि भर कुनै कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्वन्धित व्यक्तिलाई पूर्व-सुचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रचलित कानुन वमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

(र) आयोजना निर्माण गर्दा अरू कुनै आयोजना वा भौतिक संरचना, व्यक्ति वा जमिनलाई प्रभाव पर्ने भएमा प्रचलित कानुन वमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

(ल) आयोजनाको निर्माण तथा सञ्चालनको लागि आवश्यक पर्ने निजी जग्गा सम्वन्धित जग्गा धनीहरूसग खरिद गरी प्रवर्द्धक कम्पनीको नाममा दर्ता गर्नुपर्नेछ । सोको अद्यावधिक जानकारी विद्युत विकास विभागमा दिनु पर्नेछ । आयोजनाको लागि खरिद भएको जग्गा बिक्री वितरण गर्न पाइने छैन ।

(ब) स्वीकृत EIA प्रतिवेदनमा निर्माणको चरणमा ठेकेदारले पालना गर्नुपर्ने भनि उल्लेख भएका सम्पुर्ण कार्यहरू र सो कार्यको पालना नहुंदा ठेकेदारको दायित्व समेत स्पष्ट खुल्ने गरि निर्माणको ठेक्का सम्झौता गर्नु पर्नेछ । सो अनुसार भएको ठेक्का सम्झौताको प्रति ठेक्का सम्झौता भएको १ (एक) महिना भित्र विभागमा पेश गर्नु पर्नेछ । स्वीकृत EIA प्रतिवेदनमा पालना गर्नुपर्ने भनि उल्लेख भएको शर्तहरू कार्यन्वयन गर्ने जिम्मेवारी त्यस संस्थाको हुनेछ।

(श) निर्माणको लागि आवश्यक पर्ने मुख्य उपकरणहरूको प्रमुख परिक्षणको अवलोकन (Witness) गर्न PPA को Clause अनुसार हुने अवलोकन टोलिमा सोहि Clause अनुसार हुने गरी विद्युत विकास विभागवाट समेत कर्मिमा १ (एक) जना प्राविधिक कर्मचारीहरू खटाउनेछ ।

(ष) विद्युत ऐन, २०४९ को दफा ३३(२) वमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई आयोजना प्रयोजनका लागि आवश्यक जग्गा प्राप्त गराई दिन वा निजमा उपलब्ध गराउन नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ ।

Scanned with CamScanner

उपकरण, मेशिनरी औजार तथा सोको लागि आवश्यक पार्टपुर्जाहरू प्रचलित कानुन बमोजिम कम्पनीले आयात गर्न सक्नेछ ।

(ञ) विद्युत ऐन, २०४९ विद्युत नियमावली २०५० तथा अन्य प्रचलित ऐन नियमहरूको अधीनमा रही आयोजना कार्यान्वयन तथा सञ्चालन/सम्भारको लागि आवश्यक पर्ने विविध स्थानीय अनुमतिपत्र तथा स्वीकृतिहरू, संचार सुविधा, विस्फोटक पदार्थ, पेट्रोलियम पदार्थ (ईन्धन), जग्गा खरीद, पानी, सडक निर्माण, शैक्षिक, स्वास्थ्य सुविधा, हेलिप्याड निर्माण लगायतका कार्यहरू गर्न तथा विदेशबाट आउने सामानहरू आयात गर्नका लागि कम्पनीले अनुरोध गरेमा विद्युत विकास विभागले कम्पनीलाई आवश्यक सहयोग गर्नेछ ।

(ट) विदेशी मुद्रा लगानी भएको अवस्थामा विद्युत ऐन, २०४९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम विदेशी विनिमयको सुविधा कम्पनीलाई उपलब्ध हुनेछ र यस्तो विदेशी लगानीका सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम आवश्यक स्वीकृतिहरू लिनुपर्नेछ ।

(ठ) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारको सम्पूर्ण जिम्मेवारी कम्पनीमा रहनेछ र अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सोमा समय समयमा हुने संशोधन अनुसार आयोजना चालु हालतमा निःशुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ । हस्तान्तरण सम्बन्धी विधि र प्रक्रिया समय समयमा नेपाल सरकारले निर्देशन गरे बमोजिम हुनेछ र आयोजना हस्तान्तरण गर्दा आयोजनाको निर्माण तथा सञ्चालनको लागि खरिद गरिएको जग्गाजमिन लगायत सम्पूर्ण संरचना समेत नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण गर्नुपर्नेछ ।

(ड) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारमा कम्पनीले प्रचलित श्रम ऐन तथा श्रम नियमावलीको अधीनमा रही सम्भव भएसम्म बढी स्थानीय सीप, श्रम, वास्तुकला, स्थानीय संस्था, विशेषज्ञ, ठेकेदार तथा निर्माण सामग्री आदिको प्रयोग गर्नुपर्नेछ ।

(ढ) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भार अवधिभर यस किसिमको आयोजनाको लागि उपयुक्त स्तरको बीमाहरू गर्नुपर्नेछ । कम्पनीले आयोजनाको बीमालेखका प्रतिलिपिहरू विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(ण) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री, मेशिनरी, औजार उपकरण तथा तिनका पार्टपुर्जा ढुवानी गर्ने सम्पूर्ण जिम्मेवारी कम्पनीको हुनेछ ।

(त) आयकर तथा अन्य सुविधाहरू प्रचलित कानुन बमोजिम हुनेछन् ।

(थ) त्यस संस्थाले नेपाल सरकारलाई नेपाल भित्र खपत हुने ऊर्जा र क्षमता बापत प्रचलित ऐन बमोजिमको रोयल्टी देहाय अनुसार बुझाउनु पर्नेछ ।

अ) **जडित किलोवाट बापत** : पहिलो टर्बाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको मितिले १५ (पन्ध्र) दिनभित्र तत्पश्चात् प्रत्येक वर्ष सोही समयमा ।

आ) **ऊर्जा बापत** : पहिलो टर्बाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको ४ (चार) महिनामा प्रथम पटक र त्यसपछि ४/४ महिनामा (फाल्गुण, चैत्र, वैशाख जेष्ठ को आषाढ १५ गते भित्र, आषाढ, श्रावण, भदौ, असोजको कार्तिक १५ गते भित्र, र कार्तिक, मंसिर, पौष, माघको फाल्गुण १५ गते भित्र) ।

तर निर्यात भएको विद्युत ऊर्जाको परिमाणमा ऊर्जा रोयल्टी र वार्षिक रुपमा निर्यात हुने ऊर्जाको प्रतिशत अनुरुप हुने गरी जडित क्षमतामा क्षमता रोयल्टीका दरहरु देहाय बमोजिम लागु हुने छन् । निर्यात हुने परिमाणको ऊर्जा रोयल्टी क्षमता रोयल्टी बापतको रकम निर्यात हुने विद्युत बेचिने मुद्रा मै बुझाउनु पर्नेछ ।

रोयल्टीको किसिम	व्यवारिक रुपले आयोजना संचालन भएको पहिलो १ वर्ष	व्यापारिक रुपले आयुजना संचालन भएको १५ वर्ष पछि
वार्षिक क्षमता दस्तुर (प्रति किलोवाट)	रु ४००/-	रु १८००/-
ऊर्जा दस्तुर (प्रति किलोवाट घण्टा)	निर्यात हुने विद्युतमा ७.५ प्रतिशत	निर्यात हुने विद्युतमा १२ प्रतिशत

Scanned with CamScanner

७. अन्य शर्तहरू :

(क) निम्न कागजातहरू तथा सोमा हुने संशोधन समेत यस अनुमतिपत्रको अभिन्न अङ्गको रूपमा रहनेछन् ।

अ) Detailed Project Report, June 2013 Volume I and Volume II

आ) नेपाल सरकार, तत्कालिन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०७१।०३।०२ को निर्णयानुसार स्विकृत मनाङ्ग मर्स्याङ्दी जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदन (तत्कालिन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको मिति २०७१।०३।१० को पत्र संख्या (वातावरण व्यवस्थापन), च.नं. ३१४२ को पत्रमा उल्लेख भएका शर्तहरू कार्यान्वयन गर्ने गरी) ।

(ख) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा सोको लागि आवश्यक पर्ने फिल्ड अन्वेषणको कार्य, सुरक्षात्मक व्यवस्था सम्वन्धी जिम्मेवारी तथा वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी सम्पुर्ण उत्तरदायित्वहरू त्यससंस्थामा रहनेछ ।

(ग) आयोजनाको विद्युत उत्पादन क्षमतामा असर नपर्ने गरी माथि (क) (अ) मा उल्लेखित प्रतिवेदन तथा प्रकरण (५) मा उल्लेखित मुख्य संरचनाहरूको डिजाइनमा वृहत वा उल्लेखनीय परिवर्तन गर्नुपरेमा वा संरचना नै थपघट गर्नुपरेमा सोको पूर्व स्वीकृती लिनुपर्नेछ । तर परियोजनाको निर्माणस्थलमा वातावरणीय वा अन्य प्रतिकूल असर नपर्ने गरी परियोजनाको स्थान तथा डिजाइनमा सामान्य हेरफेर वा परिवर्तन गर्नुपरेमा तत्सम्वन्धी जानकारी विद्युत विकास विभागलाई ३ महिना भित्रमा दिई गर्न सकिनेछ ।

(घ) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको क्षेत्रभन्दा वाहिर नजाने गरी, आयोजनाको संरचनाहरू (जलाशयवाट सिर्जना हुने Back Water, Tail Water लगायत) निर्माण गर्नुपर्नेछ ।

(ङ) अनुमतिपत्र जारी भएको १ (एक) वर्ष भित्र विद्युत नियमावली, २०५० को नियम २१मा तोकिए वमोजिमको समयावधि भित्र भौतिक रूपमा निर्माण कार्य शुरू गर्नुपर्नेछ र निर्माण कार्य सम्पन्न नभएसम्म प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण विद्युत विकास विभागलाई दिनुपर्नेछ । दुई वर्षभित्र वित्तीय व्यवस्था (Financial Closure) र विद्युत खरिद विक्री सम्झौता (PPA) नभएमा अनुमतिपत्र रद्द गर्न सकिनेछ । उक्त अवधि भित्र वित्तीय व्यवस्था सम्पन्न हुन नसकेमा आवश्यकता एवं औचित्यका आधारमा बढिमा एक वर्ष मात्र म्याद थप गर्न सकिनेछ । उक्त अवधिमा पनि वित्तीय व्यवस्था सम्पन्न हुन नसकेमा यो अनुमतिपत्र स्वत: रद्द हुनेछ ।

(च) आयोजना निर्माण तथा सञ्चालन सम्भार अवधिभर वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्नका लागि वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ र वातावरण सम्वन्धी अन्य प्रचलित कानुनहरू पालना गर्नुपर्नेछ ।

(छ) नेपाल सरकार, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०७१।०३।१० को निर्णयानुसार स्विकृत मनाङ्ग मर्स्याङ्दी जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मुल्यांक (EIA) प्रतिवेदनमा उल्लेखित वातावरणीय प्रभाव न्यूनीकरण (Mitigation), व्यवस्थापन तथा अनुगमन, योजनामा उल्लेखित प्रावधानहरूको अधीनमा रही न्यूनीकरण तथा अनुगमनका कार्यहरू अनिवार्य रूपले कार्यान्वयन गर्नु गराउनु पर्नेछ । न्यूनीकरण तथा अनुगमन योजनामा संशोधन गर्नु परेमा विद्युत विकास विभाग तथा त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(ज) यस अनुमतिपत्रको अवधिभर स्वीकृत EIA प्रतिवेदनमा उल्लेख भए वमोजिम (१.८८ घनमिटर प्रति सेकेण्ड) जलचरको संरक्षणको लागि सुख्खा मौसमको खोलाको वहावको पानी अविच्छिन्न रूपमा छाड्ने दायित्व त्यस संस्थाको हुनेछ र सोको अनुगमन विद्युत विकास विभागद्वारा गरीनेछ । साथै सो प्रतिवेदनमा उल्लेख भए अनुसार वांध भन्दा तल्लो तटीय क्षेत्रमा पानी खोलामा छाड्न र जलचरको आवत जावतको लागि सोही प्रतिवेदनमा तोकिए वमोजिम संरचना निर्माण गर्नु पर्ने दायित्व त्यस संस्थाको हुनेछ ।

(झ) आयोजनाको निर्माण, सञ्चालन तथा सम्भारका लागि कम्पनीले आयात गर्ने निर्माण उपकरण, मेशिनरी, औजार तथा सोको लागि आवश्यक पार्टपुर्जामा विद्युत ऐन, २०४९ तथा अन्य प्रचलित कानुन वमोजिमको सुविधा कम्पनीलाई उपलब्ध हुनेछ । अस्थाई निर्माण

Scanned with CamScanner

५. **मुख्य मुख्य संरचनाहरुको विवरण र रहने स्थान :**

आयोजनाका मुख्य संरचनाहरु मर्स्याङ्दी नदिको वाँया किनारमा पर्दछन् । बाँध स्थल नार खोला र मर्स्याङ्दी नदि समाहित हुने स्थानबाट लगभग ५०० मीटर तल्लो तटमा पर्दछ । बाँधको बायाँ किनारामा साविकको ताचे बगरछाप गा.वि.स. र दायाँ किनारामा साविकको चामे गा.वि.स. पर्दछ । Intake र Desilting Basin (बालुवा थेग्राउने पोखरी) साविक ताचे बगरछाप गा.वि.स. मा पर्दछ । विद्युतगृह बाँध स्थल भन्दा झन्डै ७ कि.मि तल साविकको ताचे बगरछाप गा.वि.स. मा पर्दछ ।

क) बाँध र ईन्टेक(Weir and Intake):

विद्युत उत्पादनका लागि मर्स्याङ्दी नदिमा पानी फकाउन बनाईने बाँधको अनुमानित कुल लम्बाई ३० मी. र उचाई नदीको सतहबाट अनुमानित १७ मी. को हुनेछ । बाँध Broad Crested किसिमको हुनेछ जसमा समुन्द्र सतहबाट बाढीको अधिकतम सतह २५८०.०० मी रहनेछ । बाँधमा तिनओटा Radial Gates रहनेछ जसको जम्मा जम्मी आकार १२ मी. चौडाई र १५ मी. उचाई हुनेछ । बाँधको बाँया किनार पट्टी ५.३० मी. चौडाई र ५.०० मी.उचाइको ४ वटा side intake हुनेछ ।

ख) बालुवा थिग्राउने पोखरी (Settling Basin):

Intake बाट पानीलाई ५.६० मी. व्यासको Intake Tunnel हुँदै १३२ मी. लम्बाई ८.४० मी. चौडाई र २५ मी. उचाई भएको चार ओटा च्याम्बरको बालुवा थिग्राउने पोखरीमा पुर्याइनेछ । जसमा ३.४० मिटर चौडाई र ५.९० मिटर उचाई भएको Flushing Tunnel रहनेछ ।

ग) हेडरेस टनेल (HeadraceTunnel) र सर्ज टयाङ (Surge Tank):

पानीमा भएको सिल्ट (silt) थिग्राइएको पानी ५५७५.०० मी.लामो र ५.०० मी. को व्यास भएको हेडरेस टनेल (सुरुङ) मार्फत १४.०० मी.व्यास भएको र ८५ मी.उचाई भएको सर्ज टयाङ (Surge Tank) पुऱ्याइनेछ ।

घ) Penstock र विद्युतगृह (Powerhouse):

सर्ज टयाङ (Surge Tank) हुदै ५.६० मी. व्यास र २०२.१४ मी. उचाइको vertical shaft र करिब ४१२.१६ मी. लामो ४.६० मी. व्यास भएको Inclined Penstock Shaft र penstock manifold हुँदै पानीलाई १०२.२० मि. लम्बाई, १९.७० मि. चौडाइ र ३४.७० मी.उचाइको मतही विद्युत गृहमा पुऱ्याइनेछ । विद्युतगृहमा जडित ४ वटा ७०.५ मे.वा क्षमताको पेलटन टर्बाइन हरुमा पानी खसाली सो टर्बाइन सग जोडिएको ४ वटा ३ फेज ए.सी सिनकोनस जेनेरेटर मार्फत २८२ मे.वा विद्युत उत्पादन गरिनेछ ।

ङ) टेलरेस नहर (Tailrace Canal):

विद्युत उत्पादन पछि २.५० मि. व्यास भएको Tailrace Tunnel द्वारा पुन मर्स्याङ्दी नदिमा पानी छोडिनेछ । टेलरेसमा जल सतह (Tailrace Water Level) २११९ मी. रहनेछ ।

च) प्रसारण लाईन (Transmision Line):

उत्पादित विद्युत लाई विद्युत गृहको २२० कि. भी.को स्वीचयार्डमा जडान हुने तेह्र (१३+१) वटा २७.६५ MVA, ५० Hz.को ट्रान्सफर्मरबाट करिब ५ कि.मी. लामो मनाङ्ग जिल्लाको धारापानी (घ्यालाङ चोक) मा नेपाल विद्युत प्राधिकरणको प्रस्तावित २२० के.भी.को मनाङ्ग हब मार्फत् राष्ट्रिय प्रसारण लाईनमा जोडिने छ ।

६. **अनुमतिपत्र बहाल रहने अवधि :**

मिति २०७५/०८/०१ देखि २११०/०७/३० सम्म

Scanned with CamScanner

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

विद्युत उत्पादनको अनुमतिपत्र

(मनाङ्ग मर्स्याङ्दी जलविद्युत आयोजना २८२ मे.वा.)

अनुमतिपत्रसंख्या: वि.वि.वि. ०७५।७६ वि.उ. २४३

श्री मनाङ्ग मर्स्याङ्दी हाईड्रोपावर कम्पनी प्रा.लि.
बालुवाटार, काठमाण्डौं महानगरपालिका-४, काठमाडौं ।
फोन नं. : ९७४१२८६८०५, ९८४४०४०११८
इमेल: mmhpp777@gmail.com-

महाशय,

विद्युत उत्पादनको लागि अनुमतिपत्र पाउन मिति : २०७५/०३/२१ मा दिनु भएको दरखास्त अनुसार देहायका विवरणहरु खोली विद्युत ऐन, २०४९ को दफा (४) को उपदफा २ र विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम देहायका शर्तहरु सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. **अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :**
श्री मनाङ्ग मर्स्याङ्दी हाईड्रोपावर कम्पनी प्रा.लि.
बालुवाटार, काठमाण्डौं४-
फोन नं.: ९७४१२८६८०५, ९८४४०४०११८
इमेल: mmhpp777@gmail.com

२. **विद्युत परियोजनाको नाम** : **मनाङ्ग मर्स्याङ्दी जलविद्युत आयोजना (ROR Type).**
जडित क्षमता : २८२ मेगावाट ।
सरदर वार्षिक उत्पादन : १३९३.५० गिगावाट घण्टा विद्युत ऊर्जा ।

३. **विद्युत शक्ति उत्पादन गर्ने साधन** : जलस्रोत ।

४. **जलस्रोत उपयोग गरिने भए :**
(क) नदीको नाम : मर्स्याङ्दी नदी ।
(ख) जलस्रोत उपयोग गर्न पाइने क्षेत्र
(अ) प्रदेश : गण्डकी प्रदेश ।
(आ) जिल्ला : मनाङ्ग ।
(इ) गा.पा /न.पा :- नाशों गाँउपालिका र चामे गाँउपालिका (साविकको ताचे बगरछाप र चामे गा.वि.स.हरु)
(ई) पूर्व : ८४° १५' ३८" पूर्वी देशान्तर ।
पश्चिम : ८४°२०' ००" पूर्वी देशान्तर ।
उत्तर : २८°३३' ३७" उत्तरी अक्षांश ।
दक्षिण : २८°३१' २७" उत्तरी अक्षांश ।
(ग) प्रयोग गरिने जलस्रोतको परिमाण : डिजाइन डिस्चार्ज(Design Discharge) ७४ घनमीटर प्रति सेकेण्ड र ग्रस हेड ४५५ मिटर ।

Scanned with CamScanner